स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः९, संख्याः ७ जेष्ठ २८ गते, २०८२ साल

# भाग-२

## सरुमारानी गाउँपालिका

## उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

## (प्रथम संशोधन २०८२)

स्वीकृत मितिः २०८२/०२/२७
प्रमाणिकरण मिति २०८२/०२/२८

**प्रस्तावनाः**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्र रहि स्थानीय पूर्वाधार विकास निर्माण सम्बन्धि कार्य संचालनका लागि गाउँपालिकाले उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले सरुमारानी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, ०७९ बमोजिम गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नामः सरुमारानी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (प्रथम संशोधन २०८२) रहेको छ ।

२. यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "**अध्यक्ष**" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "**आयोजना**" भन्नाले सरुमारानी गाउँपालिका वा सो अन्तरगतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा संचालित स्थानीय पूर्वाधार विकासका योजना, आयोजना तथा कार्यक्रमलाई सम्झनु पर्दछ। यसले सरुमारानी गाउँरसभाबाट स्वीकृत भएको गैर सरकारी संघ संस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउने छ ।

(ग) **"उपभोक्ता"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना संचालन हुने क्षेत्र भित्रका व्यक्ति तथा समुदायलाई जनाउने छ ।

(घ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि उपभोक्ताले आफूहरु मध्येबाट गठन गरेको समितिलाई सम्झनु पर्दछ ।

(ङ) **"कार्यालय"** भन्नाले सरुमारानी गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउने छ। सो शब्दले वडा कार्यालय समेतलाई बुझाउने छ ।

(च) **"कार्यपालिका"** भन्नाले गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) **"ठूला मेशिनरी तथा उपकरण"** भन्नाले वातावरणलाई अत्याधिक ह्रस पुर्‍याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(ज) **"पदाधिकारी"** भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ।

(झ) **"वडा"** भन्नाले सरुमारानी गाउँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ) **"वडा** अध्यक्ष" भन्नाले आयोजना संचालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) **"सदस्य"** भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउने छ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउने छ ।

(ठ) **सम्झौता** भन्नाले आयोजनाको निर्माण, संचालन, व्यवस्थापन तथा मर्मत संभार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउने छ ।

**३. कार्यविधिको पालना गर्नुपर्नेः** (१) गाउँपालिका भित्र कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाको निर्माण, संचालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्दछ ।

(२) कुल लागत रु १ करोड सम्म भएको स्थानीय पूर्वाधार विकासका आयोजना तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने छ ।

## परिच्छेद २

## उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापनः

**४. उपभोक्ता समितिको चयन तथा गठन सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समितिको गठन देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेला तथा अधिकतम सहभागिताबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा ३३ (तेत्तीस) प्रतिशत महिला सदस्यको सुनिश्चीतता भएको हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ट) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची-१ मा उल्लेख घरधुरी लेखाजोखाको ढाँचाबाट लिई व्यवस्थित गर्नु पर्नेछ ।

**५.उपभोक्ता समितिका सदस्यको योग्यताः** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

(ख) १८ देखि ५९ बर्ष उमेर समुहका नेपाली नागरिक

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

६. **उपभोक्ता समितिको काम, कर्तब्य अधिकारः** उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने ।

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने ।

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने ।

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने ।

(ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने ।

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा समयमै सम्बन्धित कार्यालयलाई अनुरोध गर्ने ।

(छ) आयोजनाको दीगो व्यवस्थापन सम्बन्धी आवश्यक योजना निर्माण गरि कार्यान्वयन गर्ने ।

७. **उपभोक्ता समितिको पदाधिकारीहरुको काम, कर्तब्य अधिकारः** उपभोक्ता समितिले गाउँकार्यपालिकासँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्वहरु वहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत संभार गर्ने सम्बन्धी आवश्यक योजना निर्माण तथा कार्यान्वयन गर्ने र गराउने ।

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी योजना बनाई कार्य गर्ने ।

(ग) आयोजनाको बिच बिचमा निर्माण कार्यको समिक्षा,

(घ) आयोजना कार्यान्वयनका लागि अन्य पक्षहरु जस्तैः वन कार्यालय, सामुदायिक वन, स्थानीय सहकारी संस्था, यूवा क्लव, नागरिक समाज साझेदार निकाय आदि सँग प्रभावकारी सम्पर्क तथा समन्वय गर्ने,

(ङ) सामाजिक सदभाव कायम राख्दै व्यवस्थित अभिलेख राख्न सहयोग, तथा असल नागरिकको आचरण पालना गर्नुपर्ने,

(च) आयोजनासँग सम्बन्धित बिल भरपाई तथा अभिलेख कार्यालयमा पेश गरि आयोजनाको सार्वजनिक लेखा परिक्षण, तथा आयोजना फरफारकको लागि सहयोग गर्ने साथै अनुसूचि ६ बमोजिम आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन तयार गर्न प्राविधिक तथा अन्य कर्मचारीलाई सहयोग गर्ने,

(छ) अन्य भैपरि आउने कार्य तथा समन्वय विस्तार गर्ने ।

**८. लाभग्राहीको काम कर्तव्य अधिकारः**

(क) सहयोगी संस्था लाई कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागी आवश्यक सहयोग र सूचना उपलब्ध गराउने ।

(ख) खाद्य असुरक्षित समुदायका सदस्यहरु एव महिलाहरुको हित सुनिश्चित गर्न उपभोक्ता समितिका सदस्यहरु मनोनित गर्ने ।

(ग) परियोजना संचालनको लागी आवस्यक पर्ने उपकरण तथा औजार जुटाउन÷व्यवस्थापन र त्यसको सुरक्षा गर्नको लागी उपभोक्ता समितिलाई सहयोग गर्ने ।

(घ) पूर्वाधार निर्माण क्रियाकलापहरुमा सहभागी हुने ।

(ङ) आवश्यकता अनुसार स्वेच्छिक अनुदान उपलब्ध गराउने तथा यस्ता अनुदानको व्यवस्था गर्ने।

(च) सार्वजनिक लेखापरीक्षणको बैठकमा उपस्थित हुने ।

(छ) सम्पन्न भएका पूर्वाधारहरुको सञ्चालन, मर्मत तथा सम्भार गर्ने ।

(ज) परियोजना संचालन भईरहेको कार्य स्थलमा लागुपदार्थ वा मद्यपान गरेर नआउने, कोही कसैलाई ब्यक्तिगत हानीनोक्सानी हुने गतिविधी गर्न नदिने यदि कोही कसैले यस्तो कार्य गरि आएको खण्डमा उपभोक्ता समितिले त्यस्तो व्यक्तीको गल्तीको प्रकृति हेरी आवश्यक कार्वाहीका लागि सिफारिस गर्ने ।

(झ) हरेक लाभान्वित घरधुरीले कार्यक्रमको तर्फवाट अनुदान (ज्याला) प्राप्त गर्नको लागी, कार्यक्रमले तोकेको आयोजनामा तोकिएको काम दिन (मात्रा) बरावरको काम अनिवार्य सम्पन्न गर्नुपर्नेछ (काम दिन भन्नाले संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकेको स्तरिय मापदण्ड बुझ्नु पर्दछ) ।

## परिच्छेद ३
## कार्यान्वयन तथा व्यवस्थापन

**९. आयोजनाको कार्यान्वयनः** (१)गाउँपालिकाले आ.व. शुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट संचालन हुने स्थानीय पूर्वाधार विकासका आयोजना, परियोजना तथा कार्यक्रमहरु पहिचान÷छनौट गरि कार्यान्वयन योजना निर्माण गर्नु पर्नेछ। उपभोक्ता समिति गठन पश्चात

आयोजनाको ड्रईङ, डिजाईन, लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र गाउँपालिका बीचको सम्झौता स्थानीय पूर्वाधार विकास आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२ मा उल्लेख भए बमोजिमको ढाँचामा हुनेछ । सम्झौताको विस्तृत विवरण अनुसूचि-२ मा उल्लेख गरिएको छ ।

(३) आयोजनाको प्रकृति हेरी गाउँपालिकाले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा वस्तुगत) तोक्नु पर्नेछ ।

**१०. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः** (१) उपभोक्ता समितिले गाउँपालिकासँग सम्झौता गर्दा तपशिलमा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,

(ग) आयोजनाको लागत अनुमान विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय ,

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका,

(च) खाता संचालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता संचालनको लागि आवश्यक कागजातहरु ।

**११. उपभोक्ता समितिको क्षमता विकासः** (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरु तथा लाभग्राहीलाई देहायका विषयवस्तु समेटेर निर्माण पूर्व तालिम दिनु पर्नेछ ।

(क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया ,

(च) सार्वजनिक लेखा परीक्षण, योजनाको फरफारक र हस्तान्तरण ।

**१२. उपभोक्ता समितिको खाता संचालन तथा परिचालनः** (१) उपभोक्ता समितिको खाता गाउँपालिकाले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

**१३. भुक्तानी प्रकृयाः** (१) स्थानीय पूर्वाधार विकास आयोजनाको भुक्तानी गर्दा उपभोक्ता समिति, आपुर्तिकर्ता तथा कामदारको नाममा रहेको बैंक खाता मार्फत दिनु पर्नेछ । गाउँपालिकाले स्थानीय पूर्वाधार विकास आयोजनाको सम्पूर्ण भुक्तानी EFT मार्फत मात्र गर्नु पर्नेछ ।

(२) उपभोक्ता समिति, तथा कामदारलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईने छ, तर आपुर्तिकर्तालाई भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए बमोजिमको सामग्रीको परिमाण तथा प्राविधिक कर्मचारीबाट गुणस्तरको एकिन गरि तोकिए बमोजिम पाईएमा भुक्तानी दिईनेछ ।

(३) उपभोक्ता समितिले भुक्तानीको माग गर्दा, कार्य सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरि सो को प्रतिलिपि सहित अन्य आवश्यक कागजात कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) स्थानीय पूर्वाधार विकासका आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै गाउँपालिकाबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यसरी भएको अनुगमनको प्रतिवेदन तथा अनुगमन फोटोको आधारमा अन्तिम किस्ता भुक्तानी दिईने छ ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा गाउँपालिका वा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूचि-३ बमोजिम हुनेछ ।

(६) उपभोक्ता समिति आफूले वा उपभोक्ता समिति अन्तरगतका लाभग्राहीले प्रत्येक किस्तामा गरेको खर्चको प्रमाणित समितिको बैठकबाट सबै लाभग्राहीलाई गराई सो को सूचना अनुसूचि ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपभोक्ता समितिले आयोजनाको शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, कुल लागत, लागत साझेदारीको अवस्था, खरिद गर्नु पर्ने सामग्री, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि आदि को विवरण अनुसूचि ५ को ढाँचामा तयार गरि सबैले देख्ने ठाउँमा आयोजनाको सूचना पाटी टाँस गर्नु पर्नेछ ।

(८) उपभोक्ता समितिलाई सम्बन्धित गाउँपालिकाले ड्रइङ्ग, डिजाईन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग तथा सामाजिक सहजिकरण उपलब्ध गराउनेछ ।

(९) उपभोक्ता समितिलाई लागत अनुमानमा उल्लेख भएका सुरक्षाका सामाग्री, प्राथमिक उपचार बाकस, हाते औजार, बाह्य निर्माण सामाग्री, तथा अन्य उपकरणहरु सम्बन्धित गाउँपालिका तथा वडा कार्यालयले उपलब्ध गराउनु पर्नेछ । सम्बन्धित कार्यालयले प्रचलित कानूनको अधिनमा रहि सामाग्रीको खरिद, दाखिला, रकम भुक्तानी तथा सामग्रीको हस्तान्तरण गर्नु पर्नेछ ।

(१०) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, प्रशासनिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

(११) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी, सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रुपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

(१२) विविध कारणवस तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, गठन भई सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा गाउँपालिकाले अन्य प्रकृया अपनाई काम सम्पन्न गराउन सक्नेछ ।यस्तो भुक्तानी गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(१३) स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन गर्दा उक्त आयोजनासँग सम्बन्धित लाभग्राही, उपभोक्ता समितिको अभिमूखिकरण, क्षमता विकास, आयोजनाको समिक्षा, जनलेखा परिक्षण, स्टेशनरी, प्राविधिक अनुगमनका लागि कूल लागतको बढिमा ३ (तीन) प्रतिशत कन्टिन्जेन्सी रकम विनियोजन तथा वास्तविक खर्चका आधारमा गाउँपालिकाले भुक्तानी गर्न सक्नेछ ।

**१४. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समितिबाट संचालन हुने स्थानीय पूर्वाधार विकास आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तब्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया गाउँपालिकाको कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ ।

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समितिले मर्मत संभार समितिको निर्माण गरि उक्त योजनाको मर्मत सम्भार योजना तयार गरि नियमित मर्मत संभार गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी : उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यका लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

**(ङ) लगत राख्नु पर्नेः** उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको स्थानीय तथा बाह्य सामाग्री, सुरक्षण सामाग्री, निर्माण कार्यको दैनिक हाजिरी विवरण आदिको अभिलेख व्यवस्थित र स्पष्ट्र राख्नु पर्नेछ यदि उपभोक्ता समितिले तोकिएका विवरण स्पष्ट्र नराखेमा, समयमा कार्य सम्पन्न नगरेमा, लागत विवरण पारदर्शि रुपमा नराखेमा र काम गुणस्तरीय नभएमा उपभोक्ता समिति तथा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रहि काम गर्न निषेध गर्नेछ ।

**१५. अनुगमन समितिको व्यवस्थाः** (१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न यस गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८२ (संशोधित) ले व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) अनुगमन समितिको काम, कर्तब्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका वाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजना कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने, नगरेको पाईएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आयोजनासँग सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारी आयोजना स्थलमा बसी उपभोक्ता समिति तथा कामदारहरुलाई काममा सहजिकरण गरे नगरेको यकीन गर्ने,

(घ) आयोजनाको कार्य अनुसार समयमा भुक्तानी भए नभएको यकीन गर्ने यदि भुक्तानी नभएको खण्डमा भुक्तानीका लागि आवश्यक निर्देशन दिने,

(ङ) आयोजना स्थलमा उपलब्ध गराईएका हाते औजार, सुरक्षण सामाग्री तथा प्राथमिक उपचारको सहि सदुपयोग भए नभएको हेर्ने तथा यदि सहि सदुपयोग नभएको खण्डमा तत्काल प्रयोग गर्नका लागि निर्देशन दिने,

(च) आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद ४
## विविध

**१६. सुरक्षाका सामाग्री, हाते औजार तथा वाह्य निर्माण सामाग्रीको खरिदः** (१) स्थानीय पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्दा लाभग्राही (कामदार) को सुरक्षालाई मध्यनजर राखि कामदारको पाँच (५) लाख सम्मको बिमा, प्राथमिक उपचार किटको व्यवस्था तथा अन्य सुरक्षाका सामाग्रीहरु जस्तै हेल्मेट, गमबुट, चश्मा, मास्क, पन्जा, सुरक्षण जाकेट आदिको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(२) उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यको प्रभावकारिता, कार्य दक्षता÷क्षमता वृद्धि गर्न, तथा गुणस्तर कायम गर्नका लागि निर्माणसँग सम्बन्धित विभिन्न हाते औजार तथा उपकरणहरु गाउँपालिकाले उपलब्ध गराउने छ ।

(३) स्थानीय पूर्वाधार विकास आयोजनाको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम, तथा दीगो व्यवस्थापन गर्नका लागि आवश्यक बाह्य निर्माण सामाग्रीहरु गाउँपालिकाले समय मै उपलब्ध गराउनु पर्नेछ ।

**स्पष्टिकरणः** गाउँपालिकाले खरिद गरि उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने सुरक्षाका सामाग्री तथा हाते औजारमा कुल अनुमानित लागतको तीन (३) प्रतिशत र बाह्य निर्माण सामाग्रीका लागि अधिकतम पच्चीस (२५) प्रतिशत रकम मात्र खर्च गर्न सक्नेछ ।

**१७. अन्य संस्था तथा फर्मबाट कार्य गराउन सकिनेः** यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन गरिने स्थानीय पूर्वाधार विकास आयोजनाको कुनै खण्ड निर्माण गर्न प्राविधिक कठिनाई वा असहजता आएको खण्डमा गाउँपालिकाले अन्य संस्था, फर्मलाई उक्त खण्डको निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन सक्नेछ । यसरी निर्माण गराउदा उक्त खण्डको लागतलाई पुनरावलोकन गरि सोहि बमोजिम उक्त संस्था वा फर्मलाई दिन सकिनेछ तर उक्त संस्था तथा फर्मले निर्माण कार्र्य संचानल गर्दा सामाजिक सदभाव, प्राकृतिक श्रोतको संरक्षण, वातावरणिय तथा जलवायू अनुकुलन हुने गरि निर्माण कार्य गर्नु गराउनु पर्नेछ ।

**१८. सहजीकरण र सहयोग गर्नु पर्नेः** स्थानीय पूर्वाधार विकासका आयोजनाको प्रभावकारी कार्यान्वयन, सुपरिवेक्षण, तथा अनुगमन÷निरिक्षण गर्न कार्यालयले प्राविधिक तथा अन्य कर्मचारीलाई आयोजना निर्माण स्थलमा नियमित खटाउनु पर्नेछ। आयोजनाका लागि खटिएका कर्मचारीहरुले गाउँपालिकामा मासिक प्रगति विवरण उपलब्ध गराउनु पर्नेछ ।यसका साथै गाउँपालिका स्थीत अनुगमन समितिले नियमित अनुगमन गरि कार्यान्वयनमा थप टेवा पुर्याउनु पर्नेछ ।

**१९. मापदण्ड बनाउन सक्नेः** (१) स्थानीय पूर्वाधार विकास आयोजनाको गुणस्तर सुनिश्चितताको लागि गाउँपालिकाले अनुगमन, तथा मूल्यांकन गरी सम्बन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाब र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिबाट संचालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनाको लागि कार्यालयले थप मापदण्द तथा मार्ग दर्शन बनाई लागू गर्न सक्नेछ ।

**२०. संशोधन वा हेरफेरः** कार्यपालिकाले समितिसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**२१. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

.....................

# अनूसूचि १ :
## लाभग्राहीको विस्तृत विवरण
### कार्यविधिको दफा ४ (ट) संग सम्बन्धित

वडा नं.　　　　टोल वा बस्तीको नामः　　　　जम्मा घरधुरी संख्याः

| क्र. सं. | घरमुलीको नाम (हालको) | लिङ्ग | यदि घरमुली महिला भएमा (एकल÷ विधुवा÷सम्बन्ध विच्छेद खुलाउने) | जातजाती (सरकारी वर्गीकरण अनुसार) | परिवार सदस्य संख्या | | | ० देखि २३ महिना | | द्दद्ध देखि ५९ महिना | | ५ देखि ११ वर्ष | | १२ देखि १७ वर्ष | | १८ देखि ५९ वर्ष | | ६० देखि माथि | | गर्भवती, सुत्केरी महिला, अपांगता भएका, गम्भिर खालका रोगग्रस्त संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | सुत्केरी (६ महिना सम्म) | अपांगता भएका (क देखी घ कुन वर्ग हो) | गम्भिर खाले रोग ग्रस्त |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

क्रमशः................

| पारिवारिक आयको श्रोत | | | | | | | | | पारिवारिक आय तथा उत्पादनले बर्षभरि खाना तथा अन्य आधारभुत आवश्यकता पुरा गर्न प्रर्याप्तता | पारिवारिक आय तथा उत्पादनले खान पुग्ने महिना | जग्गाको स्वामित्व | | | जलवायूजन्य प्रकोप जोखिमको सम्भावना (छ÷छैन), छ भने कस्तो जोखिम हो, खुलाउने | | | | खाद्य सुरक्षाका दृष्टिकोणले घरधुरीको संकटासन्नता÷विपन्नता बर्गिकरण | | | | बैक को नाम | बैक खाता नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरकारी जागिर | अन्य जागिर | व्यापार÷व्यवसाय | कृषि तथा पशुपालन | जडिबुटी संकलन | बैदेशिक रोजगार (भारत) | बैदेशिक रोजगार (अन्य मुलुक) | दैनिक ज्याला÷मजदुरी | अन्य | | | **cf]gf] hUuf -v]t_** | **cf]gf] hUuf -kfvf]af/L_** | **clwof** | अति जोखिमपूर्ण | मध्यम् जोखिमपूर्ण | आंशिक जोखिमपूर्ण | तुलनात्मक रुपमा सुरक्षित | अति जोखिमपूर्ण | मध्यम् जोखिमपूर्ण | आंशिक जोखिमपूर्ण | तुलनात्मक रुपमा सुरक्षित | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसुची २

कार्यविधिको दफा ४ (ट) संग सम्बन्धित

# **उपभोक्ता समिति र** सरुमारानी **गाउँपालिका बिचको सम्झौता-पत्र**

## **आयोजना सम्झौता फाराम**

**१ सम्झौता गर्ने पक्ष र आयोजना :**

**क) उपभोक्ता समितिको विवरण :-**

१. नाम थर :-

२. ठेगाना :-

**ख) योजनाको विवरण :-**

१. नाम :-

२. आयोजना स्थल :-

३. उद्धेश्य :-

४. आयोजना शुरु हुने मिति :-

**२ आयोजनाको लागत सम्वन्धि विवरण :-**

**क) लागत अनुमान रु.**

**ख) लागत व्यहोर्ने श्रोतहरु :-**

**१. कार्यालय :**

**२. उपभोक्ता समिति :**

**३. अन्य :**

**ग) वस्तुगत अनुदानको विवरण सामाग्रीको नाम, एकाई**

**१. संघवाट :**

**२. प्रदेशवाट :**

**३. स्थानीय तहवाट :**

**४. गैरसरकारी संघ संस्थावाट :**

**५. विदेशी दातृ संघ संस्थावाट :**

**६. उपभोक्ता समितिवाट :**

**७. अन्य निकायवाट :**

**घ) आयोजनावाट लाभान्वित हुने :**

१. घर परिवार संख्या :

२. जनसंख्या :

३. संगठित संस्था : .

४. अन्य :

३. उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाको विवरण :

क) गठन भएको मिति :

ख) पदाधिकारीको नाम र ठेगाना (नागरिकता प्रमाण पत्र नं. र जिल्ला)

| सि.नं. | पद | नाम,थर | ना.प्र.प.नं | जिल्ला |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सचिव | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

४. आयोजना सञ्चालन सम्वन्धी अनुभव :

५. उपभोक्ता समिति समुदायमा आधारित संस्था गैरसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरण :

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण सामाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रो | | | | |
| जम्मा | | | | |

६. आयोजना मर्मत संभार सम्वन्धी व्यवस्था :

क) आयोजना मर्मत संभारको जिम्मा लिने समिति संस्थाको नाम:

ख) मर्मत सम्भारको सम्भावित श्रोत (छ छैन खुलाउने) :

जनश्रमदान :

सेवा शुल्क :

दस्तुर, चन्दाबाट:

अन्य केही भए :

## सम्झौताका शर्तहरु :-

**उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरु :**

१. आयोजना मिति ...................... देखि शुरु गरी मिति .............. सम्ममा पूरा गर्नु पर्नेछ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

३. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ ।

४. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी अर्को किस्ता माग गर्नु पर्नेछ ।

५. आयोजनाको कूल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।
६. उपभोक्ता समितिले प्राविधिकको राय परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ ।
७. उपभोक्ता समितिले आयोजनासँग सम्वन्धित बिल, भरपाइहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनु पर्नेछ र त्यसको लेखा परीक्षण पनि गराउनु पर्नेछ ।
८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म वा संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारिक व्यक्तिवाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
९. मूल्य अभिवृद्धि कर लाग्ने बस्तु वा सेवा खरिद गर्दा रु. २०,०००।० भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीवाट खरिद गर्नु पर्नेछ । साथै उक्त बिलमा उल्लेखित मु.अ.कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत कर कट्टी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु. २००००।० भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मवाट खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।
१०. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई बिल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत घरभाडा कर एवम् बहाल कर तिर्नु पर्नेछ ।
११. प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ ।
१२. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति कार्यालयवाट लागत अनुसान संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति समूह नै जिम्मेवार हुनेछ ।
१३. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।
१४. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब,प्रमाणित बिल भरपाई, योजनाको फोटो, सम्वन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आय व्ययको अनुमोदन सहित निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपि, अनुमगन समितिको सिफारिश तथा सम्वन्धित वडा कार्यालयको सिफारिश सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।
१५. आयोजना सम्पन्न भएपछि कार्यालयवाट जाँचपास गरी फरफारक गराउनु पर्नेछ । साथै आयोजनाको आवश्यक मर्मत सम्भारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ ।
१६. आयोजना कार्यान्वयन गर्ने समूह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तोकीएको ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नुपर्नेछ ।
१७. आयोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नुपर्नेछ ।
१८. आयोजनाको सबै काम उपभोक्ता समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

**कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरु :**

१. आयोजनाको बजेटः उपभोक्ता समितिको काम,कर्तव्य तथा अधिकार, खरिद, लेखांकन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयवाट उपलव्ध गराइनेछ ।
३. आयोजनाको प्राविधिक सुपरिवेक्षणका लागि कार्यालयको तर्फवाट प्राविधिक खटाइनेछ । उपभोक्ता समिविाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।
४. आयोजनामा सामान्यतया पेश्की सून्यको अवधारणा अवलम्वन गरिनेछ र कामको आधारमा भुक्तानी दिने परिपाटीको विकास गरिनेछ ।
५. श्रममूलक प्रविधिवाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगवाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँ भएको सम्झौता रद्ध गरी उपभोक्ता

समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ

६. आयोजना सम्पन्न भएपछि कार्यालयावाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ ।

७. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्वन्धित उपभोक्ता समितिवाट अनुरोध भई आएपछि उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिनुपर्नेछ ।

८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौं ।**

उपभोक्ता समिति समूहको तर्फवाट
दस्तखत
नाम,थर :
पद :
ठेगाना :
सम्पर्क नं. :
मिति :

कार्यालयको तर्फवाट
दस्तखत
नाम,थर :
पदः
मिति :
कार्यालयको छाप

साक्षी :
दस्तखत :
नाम,थर :
पद :

दस्तखत :
नाम,थर :
पद :

## अनुसूचि ३

(कार्यविधिको दफा १३ (५) संग सम्बन्धित)

सार्वजनिक परिक्षण प्रतिवेदन ढाँचा

**सरुमारानी गाउँपालिका, ............द्धारा........................उपभोक्ता समिति मार्फत कार्यान्वयन ÷ संचालित ......................आयोजनाको सार्वजनिक परीक्षण फाराम**

१. आयोजनाको विवरण

(क) आयोजनाको नामः
(ख) ठेगानाः
(ग) लागत अनुमान रु.
(घ) जम्मा खर्च रकम रु.
(ङ) आयोजना शुरु मितिः
(च) आयोजना सम्पन्न मितिः

२. उपभोक्ता समिति सम्बन्धि विवरणः

(क) उपभोक्ता समितिको नामः
(ख) अध्यक्षको नामः
(ग) उपभोक्ता समितिका सदस्य संख्याः महिलाः पुरुषः
(घ) आयोजना निर्माण कार्यमा संलग्न घरधुरी संख्याः महिलाः पुरुषः
दलितः क्षेत्री÷बाह्मणः जनजातीः मधेसीः अन्यः

३. आम्दानी तथा खर्चको विवरणः

(क) आम्दानी तर्फ जम्मा:

| | | | |
|---|---|---|---|
| क्र.स. | आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | | |
| रकम वा परिणम | रकम वा परिमाण | कैफियत | |
| | | | |
| | | | |

(ख) खर्च तर्फ जम्मा:

| क्र.स. | खर्चको विवरण | दर रु. | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामाग्री के के खरिद भयो? | | | | |
| | | | | | |
| | | | | | |
| २ | ज्याला रकम कति तथा के के मा भुक्तानी भयो? | | | | |
| | | | | | |
| | | | | | |
| ३ | सामाग्री ढुवानी गर्दा के मा कति खर्च भयो? | | | | |
| | | | | | |
| | | | | | |
| ४ | व्यवस्थापन खर्च कति के मा खर्च भयो? | | | | |

**(ग) मौज्दात विवरण:**

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नगद विवरण | | |
| क | बैंक | | |
| ख | व्यक्तिको जिम्मा | | |
| २ | सामाग्रीहरुको विवरण | | |
| क | | | |
| ख | | | |
| ग | | | |

**(घ) भुक्तानी दिन बाँकी विवरण:**

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| क.स. | कामको विवरण | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित घरधुरी तथा जनसंख्या (आयोजना संचालन भएको स्थानका उपभोक्ताहरु) को विवरण:**

| क.स. | जातजाति | घरधुरी | जनसंख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | दलित | | | | | |
| २ | ब्राह्मण ÷क्षेत्री | | | | | |
| ३ | जनजाति | | | | | |
| ४ | मधेसी | | | | | |
| ५ | अन्य | | | | | |

**(६) आयोजना संचालन गर्दा कामको जिम्मेवारी तथा बाँडफाँड सम्बन्धी विवरण (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए? खुलाउने)**

| क.स. | नाम थर | सम्पन्न गरेको कामको विवरण तथा जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**(७) सार्वजनिक परिक्षण कार्यमा उपस्थितिहरुको विवरण:**

| **क.स.** | **नाम थर** | **दस्तखत** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

द्रष्टव्य: सार्वजनिक परिक्षण कार्यक्रममा आयोजनासँग सम्बन्धित सरोकारवालाहरुको अनिवार्य उपस्थिति भएको हुनुपर्नेछ ।

**<u>तयार गर्ने:</u>**

.............................. .................................. ..........................................

**कोषाध्यक्ष** **सचिव** **अध्यक्ष**

**<u>प्रमाणित गर्ने:</u>**

**नाम थर:**

**पद:**

**कार्यालय:** ......................

**दस्तखत:**

## अनुसूचि ४:
(कार्यविधिको दफा १३ (६) संग सम्बन्धित)

## खर्च सार्वजनिक सूचना फाराम

मितिः २०८१।.....।....

१. आयोजनाको नाम: २. आयोजना स्थल:
३. विनियोजना बजेट: ४. आयोजना स्वीकृत भएको आ.व. :
५. आयोजना सम्झौता भएको मिति: ६. काम सम्पन्न गर्नु पर्ने मिति:
७. काम सम्पन्न भएको मिति: ८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति:

आम्दानी र खर्चको विवरण

| **आम्दानी** | | **खर्च** | |
|---|---|---|---|
| **विवरण** | **रकम रु.** | **विवरण** | **रकम रु.** |
| प्रथम किस्ता | | | |
| दोस्रो किस्ता | | | |
| तेस्रो किस्ता | | | |
| जनश्रमदान | | | |
| वस्तुगत सहायता | | | |
| लागत सहभागिता | | | |
| | | | |

| क.स. | विवरण | इकाई | दर | परिमाण | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | सिमेन्ट | बोरा | | | |
| २ | रड | के.जी | | | |
| ३ | बालुवा | घन मि. | | | |
| ४ | गिट्टी | घन मि. | | | |
| ५ | ढुंगा | घन मि. | | | |
| ६ | दक्ष कामदार | कार्य दिन | | | |
| ७ | अदक्ष कामदार | कार्य दिन | | | |
| ८ | सुरक्षा सामाग्री तथा हाते औजार | लमसम | | | |
| ९ | उपभोक्ता समिति व्यवस्थापन खर्च | लमसम | | | |

**आयोजनाको विवरण :**

१. आयोजनाको नाम :............................................... २. आयोजना स्थल : ........................

३. आयोजना शुरु मिति : ...................... ४. आयोजना सम्पन्न हुने मिति :.............

४. आयोजना निर्माण मार्फत रोजगारी प्राप्त गर्ने जम्मा घरधुरी : ............. (क) महिला : ...... (ख) पुरुष : ......

(दलित :........, क्षेत्री/वाह्मण :.........., जनजाति :........., मुस्लिम :........, अन्य :..........)

५. आयोजनाबाट लाभान्वित जनसंख्या : ................. (क) महिला : ...... (ख) पुरुष : ......

(दलित :........, क्षेत्री/वाह्मण :.........., जनजाति :........., मुस्लिम :........, अन्य :..........)

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ । साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ। यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ।

......................... ............................ ............................

कोषाध्यक्ष सचिव अध्यक्ष

**अनुसूची ५:**
(कार्यविधिको दफा १३ (७) संग सम्बन्धित)
**आयोजना सूचना पाटी**

**सरुमारानी गाउँपालिकाको कार्यालय**
**वडा नं.....मा गठन भएको....................आयोजना उपभोक्ता समिति/ठेक्का मार्फत संचालित**
**आयोजना सुचना पाटी**

**आयोजनाको विवरण :**

१. आयोजनाको नाम :............................................. २. आयोजना स्थल : ........................

३. आयोजना शुरु मिति : ...................... ४. आयोजना सम्पन्न हुने मिति :.............

४. आयोजना निर्माण मार्फत रोजगारी प्राप्त गर्ने जम्मा घरधुरी : ............. (क) महिला : ...... (ख) पुरुष : ......
(दलित :........, क्षेत्री/वाह्मण :.........., जनजाति :........., मुस्लिम :........, अन्य :..........)

५. आयोजनाबाट लाभान्वित जनसंख्या : ................ (क) महिला : ...... (ख) पुरुष : ......
(दलित :........, क्षेत्री/वाह्मण :.........., जनजाति :........., मुस्लिम :........, अन्य :..........)

**बजेटको श्रोत**

गाउँपालिका बाट व्यहोर्ने रकमः रु.................... स्थानीय पूर्वाधार सहयोग कार्यक्रम बाट व्यहोर्ने रकमः .रु.................................

स्थानीय जनसहभागिताबाट व्यहोर्ने रकमः रु .................. अन्यः रु..................................................

जम्मा अनुमानित रकम/लागतः रु..............................

**अनुमानित खर्च विवरण**

| क्र.स. | विवरण | इकाई | दर | परिमाण | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | सिमेन्ट | बोरा | | | |
| २ | रड | के.जी | | | |
| ३ | बालुवा | घन मि. | | | |
| ४ | गिट्टी | घन मि. | | | |
| ५ | ढुंगा | घन मि. | | | |
| ६ | दक्ष कामदार | कार्य दिन | | | |
| ७ | अदक्ष कामदार | कार्य दिन | | | |
| ८ | सुरक्षा सामाग्री तथा हाते औजार | लमसम | | | |

**कामको विवरण र भौतिक परिमाण :**
(क) ढुंगाको पर्खालः................................., (ख) मेशनरी वा सिमेन्ट पर्खालः .................................. ,
(ग) ग्याविन कामः .........................., (घ) आर.सि.सी. कामः ...................................... ,
(ङ) माटो खन्ने/पुर्ने कामः .........................., (च) अन्य कामः .................................,

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | उपभोक्ता समिति व्यवस्थापन खर्च | लमसम | | | |

**उपभोक्ता समितिको विवरणः**

१. उपभोक्ता समितिको नाम : ......................................................, जम्मा संख्याः ........., महिलाः .........., पुरुष : ..........

३. उपभोक्ता समितिको अध्यक्ष (नाम, थर, सर्म्पक नं.) .......................................

**आयोजना सञ्चालनार्थ आर्थिक सहायता प्रदायक निकाय :**

**आयोजना सञ्चालनार्थ प्राविधिक सहायता प्रदायक निकाय :**

**यस आयोजनाको कार्यान्व्यनका क्रममा जो कसैले कुनै पनि प्रकारको असामान्य व्यवहार गरेमा, अनैतिक अथवा गैह्रजिम्मेवारपूर्ण कार्य गरेको पाईएमा, दुरुपयोग, ठगी अथवा जालसाजी गरेको भेटिएमा तथा गाउँपालिका/गाउँपालिकाको स्थानीय पूर्वाधार एवं अन्य सेवा सम्वन्धि कुनै गुनासो तथा सुझाब भएमा तिनको उचित व्यवस्थापन र सुनुवाईका लागि तल दिइएको फोन नं मा तुरुन्त सम्पर्क गर्न सकिने छ।**

**सम्पर्क नम्बर ......................, ईमेल : ..................**

**अनुसूची-६**

(कार्यविधिको दफा ७ (च) संग सम्बन्धित)

**:उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन**

**विवरण पेश गरेको कार्यालय, ..........................**

**१. आयोजनाको विवरण**

(क) आयोजनाको नामः वडा नं. : टोल/बस्तीः

उपभोक्ता समितिकाः अध्यक्षः सचिवः

**२. आयोजनाको कुल लागतः रु.**

(क) प्राप्त अनुदान रकम रु................ (ख) सह-लगानी रकम रु................

(ग) जनसहभागिता रकम रु........................ (घ) अन्य रकम रु............................

**३. हाल सम्मको खर्च रकम रु....................**

३.१. कार्यालयबाट प्राप्त रकम रु. :..........................

(क) ज्यालाः................ (ख) बाह्य निर्माण सामाग्रीः................. (ग) स्थानीय सामाग्रीः.............

(घ) सुरक्षाका सामाग्रीः...... (ङ) हाते औजारः............. (च) अन्यः.......................

३.२. जनसहभागिताबाट व्यहोरिएको खर्च रकम रु......................

(क) श्रमदान वापतको रकम रु. :..................(ख) जिन्सि सामान मूल्य बराबरको रकम रु. :..................

(ग) अन्य रकम रु. :....................

**४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु. ..................**

**५. उपभोक्ता समितिको निर्णय बमोजिम /समिक्षाबाट खर्च देखिएको रकम रु.................**

**६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु तथा समाधानः**

| **क्र.स.** | **समस्या** | **समाधानका उपायहरु** |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |

७. कार्यालयबाट तथा अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

८. हाल माग गरेको किस्ता रकम रु...........

९. मुख्य खर्च प्रयोजनः

१०. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| .................. | ................... | ..................... | .................. |
|---|---|---|---|
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

प्रमाणिकरण मितिः २०८२।२।२८

..................

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत